# दोस्रो गाउँ कार्यपालिकाको बैठक

## कपुरकोट गाउँपालिका, सल्यान

आज मिति २०८२ साल भाद्र ३१ गते दिउसो ११:०० बजे यस कपुरकोट गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा कपुरकोट गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को दोस्रो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिती :</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दुर्गा वहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री वालाराम खड्का | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री इश्वर बुढा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री प्रदिप खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री मित्रलाल कठायत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री होमराज खड्का | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री श्याम कृष्ण बोहरा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री विमल कामी | कार्यपालिका सदस्य | |
| १० | श्री तिला कुमारी कामी | कार्यपालिका सदस्य | |
| ११ | श्री राधिका ऐरी | कार्यपालिका सदस्य | |
| १२ | श्री रेवती सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री अनिता पून | कार्यपालिका सदस्य | |
| १४ | श्री तीला बुढाथोकी रोका | कार्यपालिका सदस्य | |
| १७ | श्री दिनेश पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | श्री नेत्र नारायण भण्डारी | शाखा अधिकृत | |
| २ | श्री हकुम वली | लेखापरीक्षण अधिकृत | |
| ३ | श्री तारादेवी सेन | का.स. (सहयोगी) | |

**आ.व. २०८२/०८३ को दोस्रो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :**

१. प्रथम गाउँकार्यपालिकाको वैठकको निर्णयहरुको समीक्षा सम्वन्धामा।

२. सामुदायिक वन सूचिकरण सम्वन्धमा।

३. श्रममा आधारित भौतिक पूर्वाधार निर्माण संग सम्वन्धित श्रम अभियान (सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८२ पारित सम्वन्धमा।

४. गत आ.व.को योजनाको भुक्तानी बाकी रकम सम्वन्धमा।

५. कपुरकोट गाउँपालिकास्तरीय कभडहल निर्माण सम्वन्धमा।

६. कपुरकोट गाउँपालिकाको वन व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८२ स्वीकृत सम्वन्धमा।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## २०८२ भाद्र ३१ गते बसेको आ.व. २०८२/०८३ को दोस्रो गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय | सम्बन्धित शाखा |
|---|---|---|---|---|---|
| १. | प्रथम गाउँकार्यपालिकाको बैठकको निर्णयहरुको समिक्षा सम्वन्धामा। | यस पूर्व भएको गाउँकार्यपालिकाको बैठकको निर्णयहरु कार्यान्वयन र उपलब्धीका सम्वन्धमा नियमित समिक्षा गर्नु पर्ने। | आ.व. २०८२/०८३ को प्रथम गाउँ कार्यपालिकावाट भएका निर्णहरु कार्यान्वियनका सम्वन्धमा बैठकका सचिव एवं प्रमुख प्रशासकीय अधिकृतवाट प्रगति विवरण पेश भई समीक्षा गरीयो। वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको सफल कार्यान्वयनका लागि समयवद्धतालाई ध्यान दिनु पर्ने देखियो। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। | प्रशासन शाखा |
| २. | सामुदायिक वन सूचिकरण सम्वन्धमा। | यस गाउँपालिकाको कार्यक्षेत्र भित्र रहेका सामुदायिक वनहरुको नियमन र व्यवस्थापन गर्नका लागि सुचिकरण गर्न आवश्यक रहेकाले। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११को उपदफा ४ को (ङ) र वन ऐन २०७६को परिच्छेद ५ वमोजिम कपुरकोट गाउँपालिका भित्र रहेका सामुदायिक वनहरुलाई गाउँपालिकामा सूचिकृत हुनकालागि पौष मसान्त सम्मको समय सीमा प्रदान गर्ने र सूचिकरण शुल्क वापत रकम रु १०००/- (अक्षेरुपी एक हजार मात्र) तोक्नु पर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | कृषि विकास शाखा |
| ३. | श्रममा आधारित भौतिक पूर्वाधार निर्माण संग सम्वन्धित श्रम अभियान (सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८२ पारित सम्वन्धमा। | चालु आ.व. २०८२/०८३ को गाउँकार्यपालिकाको पहिलो बैठकवाट चालु आर्थिक वर्षलाई श्रम अभियान वर्षको रुपमा घोषणा गरेको र गाउँसभावाट श्रम अभियान सञ्चालनका लागि रु. १५ लाख रकम विनियोजन गरेकोमा सोको कार्यान्वयनको लागि आवश्यक पर्ने कार्यविधिको तर्जुमा गर्नु पर्ने। | चालु आर्थिक वर्ष २०८२/०८३ मा र सो पश्चात सञ्चालन हुने श्रम अभियान अन्तर्गत श्रममा आधारित निर्माण हुने भौतिक संरचनाको निर्माण गर्ने कार्यलाई सुव्यवस्थित र उद्देश्यमूलक गराउन आवश्यक पर्ने कार्यविधिको मस्यौदा उपर छलफल गरी पेश भएको "श्रममा आधारित भौतिक पूर्वाधार निर्माण संग सम्वन्धित श्रम अभियान (सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८२" पारित गर्नु पर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | प्रशासन तथा योजना शाखा |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | आ.व. २०८१/०८२ को भुक्तानी दायित्व सम्वन्धमा। | आ.व. २०८१/०८२ मा स्वीकृत भई कार्यसम्पन्न भई आर्थिक दायित्व सिर्जना भएका तर वजेट अभावका कारण भुक्तानी हुने नसकेको योजना तथा कार्यक्रमहरुको दायित्व स्थानान्तरण गर्नु पर्ने । | गत आ.व. २०८१/०८२ मा स्वीकृत योजना तथा कार्यक्रमहरु मध्ये यसै बैठकको निर्णयको अनुसूची-१ मा उल्लेखित योजना तथा कार्यक्रमहरु गत आ.व.मा नै नियमानुसार कार्य सम्पन्न भई सम्वन्धित शिर्षकमा विनियोजित विजेटले नखामेको कारण दायित्व सिर्जना भई आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९. को उपनियम (१३) र (१४) वमोजिम महालेखा परीक्षकवाट स्वीकृत ढाँचामा भुक्तानी वाँकिको विवरण तयार गरी आन्तरिक लेखा परीक्षकवाट प्रमाणित भई भुक्तानी वाँकी रहेको देखिएकोले चालु आर्थिक वर्षमा सम्वन्धित शिर्षकमा विनियोजित वजेट वाट भुक्तानी दिने। | "पेश भए वमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | आर्थिक प्रशासन शाखा |
| ५. | कपुरकोट गाउँपालिकास्तरी य कभडहल निर्माण सम्वन्धमा | आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम कभडहल निर्माण अन्तर्गत रु २० लाख वजेट विनियोजन भएकोमा लागत अनुमान अनुसार वजेट नपुग भएकोले वजेट सुनिश्चित गरी कार्यान्वयन गर्नु पर्ने | आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम कभडहल निर्माण अन्तर्गत रु २० लाख वजेट विनियोजन भएकोमा उपभोक्ता समितिले वेहोर्ने वाहेक गाउँपालिकले वेहोर्नु पर्ने लागतमा रु. २६ लाख नपुग भएको देखिएकोले आगामी गाउँसभाको अधिवेशनवाट थप वजेट सुनिश्चित गरी उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गर्ने। | "पेश भए वमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | कपुरकोट गाउँपालिकाको वन व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८२ स्वीकृत सम्वन्धमा। | कपुरकोट गाउँपालिका अन्तर्गतका सामुदायिक वनहरुको व्यवस्थापन गर्ने सम्वन्धमा कार्यविधि आवश्यक भई सरोकारवालाहरु संगको छलफलमा मस्यौदा तयार गरिएको। | सामुदायिक वन महासंघका प्रतिनिधि तथा सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिहरु र अन्य सरोकारवालाहरुको छलफलवाट तयार भई स्वीकृतिका लागि कार्यपालिकामा पेश भएको "कपुरकोट गाउँपालिकाको वन व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८२" स्वीकृत गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | कृषि विकास शाखा |

अनुसुची-१

आ.व. २०८२/०८३ को दोस्रो गाउँकार्यपालिकाको बैठकको मिति २०८२/०५/३१ गते को निर्णय नं ३ संग सम्वन्धित

**आ.व. २०८२/०८३ मा भुक्तानी दायित्व बाँकी रहेको योजना तथा कार्यक्रम**

| क.स. | दायित्व सिर्जना भएको मिति | खर्च शीर्षक | योजना तथा कार्यक्रमको नाम | भुक्तानी दिन बाँकी रकम | भुक्तानी बाँकी रहनुको कारण | भुक्तानी दिनु पर्ने आधार कारण |
|---|---|---|---|---|---|---|
| १ | २०८२/०३/२४ | २२२१३ | सवारी साधन मर्मत खर्च | १,३३,९२० | वजेट अपुग | गाउँपालिकाको चार पाङ्ग्रे सवारीको मर्मतका लागि नियमानुसार संझौता भई दायित्व सिर्जना भएको (नियम ३९ को उपनियम (१५) को खण्ड(छ) संग सम्वन्धित। |
| २ | | ३११११ | ठेक्का नं. ०२/२०८१/८२ को रीम प्रहरी चौकी भवन निर्माण योजना | १,३९,६८२ | वजेट अपुग | सम्वन्धित शिर्षकमा विनियोजित रकम नपुग भई ठेक्का आहानका वखत आगामी वर्षमा वजेट सुनिश्चित गर्ने गरी ठेक्का आहान भएको(नियम ३९ को उपनियम (१५) को खण्ड(छ) संग सम्वन्धित। |
| ३ | | ३११५९ | कपुरकोट वहुमुखी क्याम्पस भवन पुर्वाधार निर्माण | २०,००,००० | निकासा नभएको | आन्तरिक श्रोतमा आधारित योजना भएको कारण श्रोत अभाव भै भुक्तानी हुन नसकेको(नियम ३९ को उपनियम (१५) को खण्ड(छ) संग सम्वन्धित। |
| ४ | | ३११५६ | कालेगाँ खानेपानी योजना | ८,२७,००० | वजेट अपुग | सुरु विनियोजित वजेट भन्दा लागत अनुमान वढी भई अनिवार्य रुपमा खानेपानी सञ्चालन गर्नु पर्ने भई नपुग वजेट आगामी आ.व.मा सुनिश्चित गर्ने गरी लागत अनुमानको रकम वमोजिमनै संझौता भई दायित्व सिर्जना भएको (नियम ३९ को उपनियम (१५) को खण्ड(छ) संग सम्वन्धित। |

Scanned with CamScanner